गृह मन्त्रालय

**सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी, कञ्चनपुर**

## पुराना जिन्सी सामानहरु तथा सवारी साधनहरुको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/१०/२६ गते )

सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी कञ्चनपुरमा रहेका तपसिल बमोजिमका पुराना जिन्सी सामानहरु तथा सवारी साधनहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ ।

| सि.नं | सवारी साधन तथा मालसामानहरुको विवरण | न्यूनतम जम्मा मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | टाटा मोबाईल थानः-१<br>मारुती एम्बुलेन्स थानः-१<br>यामाहा वाई.डि मोटरसाईकल थानः-३<br>पूराना जेनेरेटर, कम्प्यूटर, फर्निचर, अन्य जिन्सी सामानहरुसँग सम्बन्धित। | २,०१,१९४ ।- | रु. १,०००।- | सवारी साधनहरु नामसारी नहुने। |

बोलपत्र फाराम सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी कञ्चनपुरबाट प्रथम पटक सुचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०७८/११/०४ गते) को कार्यालय समय भित्र बोलपत्र फारम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फाराम मिति २०७८/११/०५ गतेको १२:०० बजे भित्र स.प्र.बल नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी कञ्चनपुरमा दर्ता गराई सक्नु पर्नेछ। रितपूर्वक दाखिला भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर, कोष तथा लेखा नियन्त्रक कार्यालय, कञ्चनपुरबाट तोकिएका प्रतिनिधिहरुको रहोबरमा सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी कञ्चनपुरमा खोलिने छ । बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कारणवस सार्वजनिक विदा पर्न गएमा बिदा पछाडीको पहिलो कार्यालय खुलेको दिन सोहि समयमा गरिने छ। बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी कञ्चनपुरको कार्यालय कोड नं. ३१४०५७६०१ को कोष तथा लेखा नियन्त्रक कार्यालय, कञ्चनपुरको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय कञ्चनपुरको धरौटी खाता नं. ४१८०१००१०२०३०००० मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा कम्तिमा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी जिन्सी सामानहरु तथा सवारी साधनहरु उठाई लैजानु पर्नेछ । बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम राजश्व दाखिला गरिने छ । लिलाम/बिक्रीमा भाग लिन चाहने व्यक्तिले नेपाली नागरिक्ताको प्रमाण-पत्रको प्रतिलिपि, ईच्छुक फम, संस्था वा कम्पनिहरुको ईजाजत प्रमाण-पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्ने छ। अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। उल्लेखित जिन्सी सामानहरु तथा सवारी साधनहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी, कञ्चनपुरमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं.- ०९९-५४०१३३ र ९८५१२७२१४१ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ । यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको **Web Site:-** www.apf.gov.np मा समेत राखिएको छ ।

**(अम्मर बहादुर ऐर)**
**सशस्त्र प्रहरी उपरीक्षक**
**गणपति**